नीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# शिक्षा युवा तथा खेलकुद शाखा

धादिङ बेशी, धादिङ ।

## शिक्षा युवा तथा खेलकुद शाखा द्वारा आ व २०७८।७९ मा सम्पादित कार्यहरुको वार्षिक प्रतिवेदन

# नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# शिक्षा युवा तथा खेलकुद शाखा

धादिङ बेशी, धादिङ ।

## शिक्षा युवा तथा खेलकुद शाखा द्वारा आ व २०७८।७९ मा सम्पादित कार्यहरुको वार्षिक प्रतिवेदन

### *पृष्ठभुमी:*

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय शासकिय संरचनामा सेवा प्रवाहको जिम्मेवार र सबै भन्दा महत्वपूर्ण सरकार हो, स्थानीय सरकार। वर्तमान नेपालको संविधानको भाग तिन धारा (३१) मा मौलिक हक अन्तर्गत शिक्षा सम्वन्धी हकको व्यवस्था गरेको छ । सो धारामा उल्लेख भए अनुसार "प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हक हुनेछ " भनिएको छ ।

प्रत्येक नागरिकलाई शिक्षाको पहुच वृद्धिकालागि संविधानको अनुसूची-८ मा स्थानीयतहलाई माध्यमिक तह सम्मको एकल अधिकार दिइएको छ ।सो अधिकारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न स्थानीय सरकारको भुमिका रहन्छ । सो भूमिकाको जिम्मेवार र जवाफदेहि रुपमा कार्यान्वयन गर्न स्थानीय तहको संगठन संरचनामा शिक्षा युवा तथा खेलकुद शाखाको संरचना निर्माण गरिएको छ । शिक्षा युवा तथा खेलकुद शाखाले गर्ने वर्ष भरिका क्रियाकलाप विभिन्न रुपमा तोकेर स्थानीय सरकारको कानूनमा उल्लेख गरिएका छन, सो क्रियाकलापहरुको अर्थपूर्ण कार्यान्वयन गर्नु शिक्षा युवा तथा खेलकुद शाखामा कार्य जिम्मेवारि तोकिएका कर्मचारीहरुको कर्तव्य हुन आउछ ।

माथि उल्लिखित सन्दर्भमा यस शाखा द्वारा सम्पादित कार्यहरुको सरोकारवालाहरुलाई जानकारी दिन तथा तथ्याङ्किय समिक्षा प्रयोजनका लागि यो वार्षिक प्रतिवेदन तयार गरिएको हो । यस प्रतिवेदनले यस नगरपालिकाको शैक्षिक अवस्थालाई दिशानिर्देश गर्ने छ ।

## *आ.व. २०७८/७९ (शै.स.२०७८) को संक्षिप्त शैक्षिक तथ्याङ्कः*

बागमती प्रदेश अन्तर्गत यो जिल्ला संघीय राजधानी संग जोडिएको छ। धादिङ जिल्लामा रहेको १४ वटा स्थानीय तहहरु मध्ये यो स्थानीय तह केन्द्रको रुपमा अवस्थित छ । यस नगरपालिकाकमा आ.व. २०७८।७९ (शै.स.२०७८) मा IEMIS को तथ्याङ्क अनुसार जम्मा १०३ वटा विद्यालयहरु रहेका छन । जस मध्ये ९० वटा सामुदायिक तथा १३ वटा संस्थागत विद्यालयहरु रहेका छन । तहगत रुपमा हेर्दा २८ वटा सामुदायिक माध्यमिक विद्यालयहरु ६२ वटा सामुदायिक आधारभूत विद्यालहरु तथा ५ वटा माध्यमिक संस्थागत विद्यालयहरु साथै ८ वटा आधारभूत संस्थागत विद्यालयहरु रहेका छन । अनौपचारिक शिक्षा तथा साक्षरता बृद्धिका लागि ८ वटा सामुदायिक अध्ययन केन्द्र रहेका छन । यस शै.स.मा सामुदायिक विद्यालयहरुमा १४५२६ जना र संस्थागत विद्यालयहरुमा ४५१२ जना विद्यार्थिहरु अध्यनरत छन । नेपाल सरकारले हरेक वर्ष प्रकाशित गर्ने ( FLASH REPORT) शैक्षिक तथ्याङ्कको आधार नगरपालिकाको IEMIS को तथ्याङ्क हुन्छ ।यस शै.स. २०७८ को आधारभूत तहको छात्रा भर्नादर ९६ % छात्रको ९७.५ % रहेको, समग्रमा आधारभूत तहको कुल भर्नादर ९६.७ % रहेको छ । माध्यमिक तह कक्षा ९-१० को छात्रा भर्नादर ८९.५ % छात्रको ८४.१ % रहेको, समग्रमा आधारभूत तहको कुल भर्नादर ८६.८ % रहेको छ । समग्रमा माध्यमिक तह सम्मको कुल भर्नादर ९१.७५ % रहेको छ । त्यसै गरी माध्यमिक तह कक्षा ११-१२ को छात्रा भर्नादर ७८.२ % छात्रको ६९.६ % रहेको, समग्रमा माध्यमिक तह कक्षा ११-१२ को कुल भर्नादर ७३.९ % रहेको छ । समग्रमा विद्यालयतहको विद्यार्थी भर्नादर ८५.८ % रहेको छ ।यसै शै.स.को विद्यालय छाडने दर आधारभूत तह कक्षा १-५ मा ३.३ % रहेको, आधारभूत तह कक्षा ६-८ मा ३.३ % रहेको, त्यसै गरी माध्यमिक तह कक्षा ९-१० मा ४.७ % रहेको छ । समग्रमा यस शै.स.को विद्यालय छाडने दर ३.७ % रहेको छ । शै.स.२०७७ को नेपाल सरकारले प्रकाशित गरेको ( FLASH REPORT I ) शैक्षिक तथ्याङ्कको आधारमा विद्यालय तहको विद्यालय छाडने दर ५.५ % रहेको छ , जुन शै. स.२०७८ को तुलनामा ३.३ % ले घटेको छ ।

## प्रतिवेदनका उद्देश्यहरुः

- शैक्षिक सत्र २०७८ को शैक्षिक तथ्याङ्कको जानकारी गराउनु,
- संघिय ससर्त अनुदानको कार्यान्वयनको वर्तमान अवस्था जानकारी गराउनु,
- प्रदेश ससर्त अनुदानको कार्यान्वयनको वर्तमान अवस्था जानकारी गराउनु,
- स्थानीय तह द्वारा यस शाखालाई छुट्याईएको बजेटको कार्यान्वयनको अवस्था जानकारी गराउनु,
- यस शाखा बाट सम्पादित कार्यहरुको जानकारी गर्नु,
- नगरपालिकाको समग्र शिक्षाको सवल पक्षहरु, समस्याहरु, सुधारका पक्षहरु पत्ता लगाई भावि योजना निर्माण गर्नु ।

## संघ ससर्त अन्तर्गत सम्पादित कार्यहरुः (कुल विनियोजित बजेट र खर्चको अवस्थामा आधारित)

| नं. | क्रियाकलाप नं. | कार्यक्रम | विनियोजित कुल रकम | खर्च भएको रकम | वित्तिय प्रगति | भौतिक लक्ष्य | भौतिक प्रगति | भौतिक प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 1.1.3.3 | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | १७९२०० | 179200 | 100 | 446 | 446 | 100 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1.1.3.4 | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलव भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | ३९७०० | 39700 | 100 | 453 | 453 | 100 | |
| 1.1.4.1 | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | 25791 | 25791 | 100 | 106 | 106 | 100 | |
| 2.4.6.1 | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | ८२६७ | 7436 | 90 | 5,569 | 5,569 | 100 | |
| 2.7.11.1 | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | १७५६५ | 16326 | 93 | 7,027 | 7,027 | 100 | |
| 2.7.13.10 | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ५९४३ | 5943 | 100 | 50 | 50 | 100 | |
| 2.7.13.11 | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २२०३ | 1815 | 82 | 1 | 1 | 100 | |
| 2.7.13.13 | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १०४३८ | 10438 | 100 | 1 | 1 | 100 | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | 2.7.13.23 | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ३९९८ | 3912 | 98 | 3,974 | 3,974 | 100 | |
| | 2.7.13.3 | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | ४७८५ | 4738 | 99 | 1,422 | 1,422 | 100 | |
| | 2.7.13.40 | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १२०९३ | 9963 | 82 | 29 | 29 | 100 | |
| | 2.7.13.41 | आधारभुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २०३० | 1892 | 93 | 6 | 6 | 100 | |
| | 2.7.25.62 | कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | ५०० | 0 | 0 | 1 | 0 | 0 | |
| | 7.2.1.1 | सार्वजनिक विद्यालयमा अध्य | ८३७८ | 6772 | 81 | 5,569 | 5,202 | 93 | |
| | 2.7.13.42 | GPE को सहयोगमा कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | ७०० | 0 | 0 | 1 | 0 | 0 | |
| 6 | 1.3.4.2 | प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन थप अनुदान | ६४५३ | 6453 | 100 | 220 | 220 | 100 | |
| 7 | 1.1.1.70 | आधारभूत तथा माध्यमिक तहमा स्विकृत दरबन्दी | ११५४६ | 11100 | 96 | 453 | 453 | 100 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा अनुदानमा कार्यरत शिक्षकको थप तलबभत्ता | | | | | | | |
| 7.2.2.1 | कक्षा ९-१२ मा अध्ययनरत बिपन्न लक्षित छात्रबृत्ति (Poor Target Scholarship) का छनोट भएका विद्यार्थीका लागी छात्रबृत्ति कक्षा ११ र १२ का विज्ञान बिषयका लागी समेत | १५१८ | 822 | 54 | 1 | 0 | 0 | |
| 11.1.2.1340 | विद्यालय कक्षाकोठा निर्माण अनुदान २ कोठे तथा ४ कोठे भवन | १८०० | 1800 | 100 | 1 | 1 | 100 | |
| 11.3.20.1 | विद्यालयमा ल्याब स्थापना , सुधृढिकरण एवम् व्यवस्थापनका लागी अनुदान | ४५५० | 4550 | 100 | 7 | 7 | 100 | |
| | जम्मा | ३४७४५८ | 338,651 | 97 | 25,337 | 24,967 | 98.54 | |

## प्रदेश ससर्त अन्तर्गत सम्पादित कार्यहरु: (कुल विनियोजित बजेट र खर्चको अवस्थामा आधारित)

| कार्यक्रम | विनियोजित कुल रकम | खर्च भएको रकम | वित्तिय प्रगति | भौतिक लक्ष्य | भौतिक प्रगति | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| शुन्य दरबन्दि भएका माध्यमिक विद्यालयहरुको लागी अंग्रेजी, गणीत र विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान | 5928 | 4734 | 80 | 12 | 12 | 100 |
| जम्मा | 5,928.000 | 4,734.000 | 79.858 | 12.000 | 12.000 | 100.000 |

## स्थानीय तह अन्तर्गत सम्पादित कार्यहरु: (कुल विनियोजित बजेट र खर्चको अवस्थामा आधारित)

| कार्यक्रम | विनियोजित कुल रकम | खर्च भएको रकम | वित्तिय प्रगति | भौतिक लक्ष्य | भौतिक प्रगति | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| प्रतिशत साझेदारीमा ल्यापटप रण | ३५००००० | ३३७१२५० | 96 | 90 | 90 | 100 |
| नीलकण्ठ स्थानीय पाठ्यक्रम र्माण | ५००००० | ११२६२५ | 23 | 1 | 1 | 100 |
| त विपन्न,टूहूरा वा विशेष लबालिका छात्रवृत्ति कार्यक्रम | १०००००० | ० | 0 | 150 | 0 | 0 |
| तेरिक्त क्रियाकलाप संचालन | ४००००० | ० | 0 | 90 | 0 | 0 |
| ट्रपती रनिङ. शिल्ड तथा ारस्तरिय शिक्षक,विद्यार्थी खेलकूद र्यक्रम | ११००००० | १४९९०० | 14 | 28 | 10 | 36 |
| क्षा ८ परिक्षा संचालन ,व्यवस्थापन | ४००००० | ३७४२६० | 94 | 46 | 46 | 100 |
| द्यालय सिमकार्डको व्यवस्था । | १०००० | ० | 0 | 90 | 0 | 0 |
| क्षक अनुदान प्रा.वि. नि.मा.वि. र ा.वि. | ७५००००० | ५,२८८,५९७ | 71 | 31 | 31 | 100 |
| रार,शिक्षक,कर्मचारी , श्रोतव्यक्ति वस्थापन | ३००००० | ० | 0 | 1 | 0 | 0 |
| ार शैक्षिक योजना निर्माण र मार्जन | ३००००० | ० | 0 | 1 | 0 | 0 |
| लकण्ठ शिक्षा पुरस्कार | ५००००० | ० | 0 | 10 | 0 | 0 |
| .अ. बैठक संचालन, व्यवस्थापन | ३५०००० | २८६२०० | 82 | 10 | 8 | 80 |
| चना प्रबिधि बिस्तार कार्यक्रम | ३०२७००० | ० | 0 | 28 | 0 | 0 |
| व्यदृश्य सहित बालबिकास र नमूना क्षाकोठा व्यवस्थापन कक्षा १ | २३१३५०० | ० | 0 | 23 | 0 | 0 |
| वशिय कार्यक्रम सञ्चालन | २००००० | ० | 0 | 2 | 0 | 0 |
| क्षिक बिकास तथा भौतिक र्वाधार निर्माण | ९१५०००० | १५०००० | 2 | 50 | 2 | 4 |
| ालबिकास स.का., विद्यालय कर्मचारी त्साहन अनुदान | ४९५०००० | ४०८१००० | 82 | 192 | 192 | 100 |
| लित बालबालिकालाई उच्च शिक्षा छात्रबृत्ति कार्यक्रम | १३००००० | १३००००० | 100 | 70 | 0 | 0 |
| ागर बालक्लव नेतृत्व विकास | २००००० | १००००० | 50 | 28 | 28 | 100 |
| हू विद्यालय शिक्षलय सम्भाव्यता अध्ययन | २००००० | १९७२०० | 99 | 1 | 1 | 100 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| असल अभ्यासको अभिलेखिकरण | १००००० | ० | 0 | 1 | 0 | 0 |
| नमूना विद्यालय शैक्षिक अवलोकन भ्रमण | ७००००० | ७००००० | 100 | 1 | 1 | 100 |
| लेखा व्यवस्थापन तालिम | ३००००० | २९०६२८ | 97 | 91 | 91 | 100 |
| रोष्टर शिक्षक तालिम | ४००००० | २७२४२० | 68 | 35 | 35 | 100 |
| विद्यालय नक्साङ्कन | १००००० | ० | 0 | 103 | 0 | 0 |
| विद्यालय मनोपरामर्श | ३००००० | ० | 0 | 15 | 0 | 0 |
| विद्यालय अनुगमन,प्रतिवेदन निर्माण र फिल्ड भत्ता | ३००००० | २१००० | 7 | 103 | 15 | 15 |
| विद्यालयमा खेलकूद सामाग्री वितरण | १०००००० | ० | 0 | 90 | 0 | 0 |
| विद्यालय बाल उद्यान कार्यक्रम | १५००००० | ० | 0 | 15 | 0 | 0 |
| शैक्षिक सामाग्री निर्माण तथा प्रदर्शनी | २००००० | ० | 0 | 1 | 0 | 0 |
| शिक्षक कम्प्यूटर तालिम | ५००००० | ० | 0 | 200 | 0 | 0 |
| विद्यालयमा सिमकार्डको व्यवस्था | १०००० | ० | 0 | 90 | 0 | 0 |
| विषयगत प्रयोगशाला निर्माण र प्रयोग | १२००००० | ० | 0 | ३ | ० | 0 |
| विषयगत शिक्षक क्षमता अभिवृत्ति कार्यक्रम | ५००००० | ० | 0 | ५० | ० | 0 |
| IEMIS व्यवस्थापन तालिम | ३००००० | २८४०४० | 95 | १०३ | १०३ | 100 |
| शैक्षिक सामाग्री व्यवस्थापन | २००००० | २००००० | 100 | ३० | ३० | 100 |
| शिक्षक डायरी तथा विद्यार्थी लगबूक | ६००००० | ५४८३३२ | 91 | ९० | ९० | 100 |
| शिक्षक विद्यार्थी बिपद व्यवस्थापन तालिम | २००००० | ० | 0 | ९० | ० | 0 |
| श्रोतकेन्द्र भवन मर्मत तथा व्यवस्थापन | ५००००० | ० | 0 | १ | ० | 0 |
| सामूदायिक क्याम्पस सुधृढिकरण | २५००००० | २५००००० | 100 | १ | १ | 100 |
| सामूदायिक सिकाई केन्द्र विस्तार व्यवस्थापन | ११००००० | ४९७२०० | 45 | ८ | २ | 25 |
| जम्मा | ४९७१०५०० | २०७२४६५२ | 42 | २,०६३ | ७७७ | 38 |

## यस शाखा बाट सञ्चालित मुख्य मुख्य कार्यक्रमहरुः

### स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी अन्तरक्रियाः

यस शाखा द्वारा मिति २०७८। । मा स्थानीय पाठ्यक्रम निर्माणका लागि यो कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा स्थानीय पाठ्यक्रमका मुख्य मुख्य क्षेत्र र विषयवस्तु छनोटका साथै स्थानीय पाठ्यक्रमका खाँका निर्माणको कार्य भएको थियो।

यो कार्यक्रम संग सम्बन्धित फोटोहरु यस प्रतिवेदनको अन्तिम भागमा राखिएका छन ।

### कम्प्युटर तालिमः

यस शाखा द्वारा मिति २०७८। । मा यो तालिम सञ्चालन भएको थियो । सो तालिममा विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधिलाई दिईएको थियो । सो कार्यक्रममा मुख्य रुपमा कम्प्युटरको आधारभूत कार्य र विद्यालय संग सम्बन्धित कम्प्यूटर बाट गर्न सकिने कार्यहरुको बारेमा तालिम दिइएको थियो । सो कार्यक्रममा प्रशिक्षकको भुमिकामा श्री राजकुमार श्रेष्ठ हुनुहुन्थ्यो ।

यो कार्यक्रम संग सम्बन्धित फोटोहरु यस प्रतिवेदनको अन्तिम भागमा राखिएका छन ।

### विद्यालय सुधार योजना अध्यावधिक कार्यशाला गोष्ठिः

यस शाखा द्वारा मिति २०७९।०३।१४ मा सञ्चालन भएको थियो । यो कार्यक्रमको प्राविधिक सयोजन शिक्षा शाखाले र आर्थिक सहयोग अपाङ्ग कल्याण संघ धादिङको रहेको थियो । यस कार्यक्रममा सहभागिका रुपमा यस गरपालिकामा सञ्चालित ८ वटा विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष तथा विद्यार्थि प्रतिनिधि थिए ।

यो कार्यक्रम संग सम्बन्धित फोटोहरु यस प्रतिवेदनको अन्तिम भागमा राखिएका छन ।

### नगर परीक्षा समिति संग अन्तरक्रियाः

यस नगरपालिकाको समग्र परीक्षा प्रणाली सुधारका लागि नगर स्तरिय परीक्षा समितिलाई जिम्मेवारि दिएको छ । नगर स्तरिय परीक्षाको व्यवस्थापकिय पक्ष साथै परीक्षाको स्तरिकरणका लागि आधार र मापदण्ड निर्धारण गर्ने बारे छलफल र अन्तरक्रिया गरियो ।

यो कार्यक्रम संग सम्बन्धित फोटोहरु यस प्रतिवेदनको अन्तिम भागमा राखिएका छन ।

### शिक्षकको पेशागत संघ संगठनहरु संग शिक्षा प्रणाली सुधारकालागि छलफलः

समग्र शैक्षिक विकासकालागि यस नगरपालिका भित्र कुन कुन पक्षमा सुधार गर्नुपर्ने हो सो को बारेमा छलफल तथा अन्तरक्रिया गर्नकालागि यो छलफल आयोजना गरिएको हो ।

यो कार्यक्रम संग सम्वन्धित फोटोहरु यस प्रतिवेदनको अन्तिम भागमा राखिएका छन ।

### गणित शिक्षकहरुकालागि एक दिने प्रशिक्षण कार्यक्रमः

यस नगर पालिकाको गणित विषय संग सम्वन्धी नतिजा सुधारका लागि नवितम शिक्षण विधि,शैक्षिक सामग्री निर्माण , शैक्षणिक योजना साथै विषेश रुपमा शैक्षिक सामग्री निमार्णका सिपहरु विकासमा यो कार्यशाला सञ्चालन गरिएको थियो ।

यो कार्यक्रम संग सम्बन्धित फोटोहरु यस प्रतिवेदनको अन्तिम भागमा राखिएका छन ।

### विद्यालयका प्रधानाध्यपकहरुकालागि करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमः

विद्यालयहरु राज्य प्रति जवाफदेहि, उत्तरदायि तथा पारदर्शिता कायम गर्ने सामुदायिक संस्था हुन । यो संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीहरुले राज्यको करको दायरमा आउनु पर्ने र राज्यलाई सुशासनको प्रत्यभुति गराउनु पर्ने हुन्छ । सो कुरालाई मध्यनजर गर्दै शिक्षा शाखाले **करदाता शिक्षा तथा अन्तरक्रिया** कार्यक्रमको संयोजन र समन्वय गरी करदाता सेवा कार्यालय गल्छीले कार्यक्रम आयोजना गरेको हो । जसमा यस नगरपालकाका प्रमुख प्रशासकीय अधिकृत श्री नेत्र प्रसाद पौडेल हुनुहुन्थ्यो ।

यो कार्यक्रम संग सम्बन्धित फोटोहरु यस प्रतिवेदनको अन्तिम भागमा राखिएका छन ।

## तथ्याङ्क प्रविष्टि तथा लेखा व्यवस्थापन अभिमुखिकरण कार्यक्रम (IEMIS):

शैक्षिक तथ्याङ्क आफैमा वैज्ञानिक सुचना हो । वर्तमान अवस्थामा सरकारले शिक्षाको अनुदान निर्धारण गर्दा (IEMIS) कै आधारमा निर्धारण गर्ने र सो अनुदानको कानून सम्मत खर्च गर्ने र सो संग सम्बन्धित वासलात राख्न लेखा व्यवस्थापन तालिम आवस्यक रहेको छ ।विद्यालयमा पारदर्शि खर्च व्यवस्थापनका लागि वर्तमान खर्च सम्बन्धी कानून तथा सो कानूनको कार्यान्वयन विकासका लागि यो अभिमुखिकरण कार्यक्रम औचित्य रहेको थियो । जसमा यस नगरपालकाका प्रमुख प्रशासकीय अधिकृत श्री नेत्र प्रसाद पौडेल हुनुहुन्थ्यो ।

यो कार्यक्रम संग सम्बन्धित फोटोहरु यस प्रतिवेदनको अन्तिम भागमा राखिएका छन ।

## नियमित प्रधानाध्यापक बैठकः

नियमित रुपमा विभिन्न समयमा ।

## योजना तथा कार्यक्रम कार्यान्वयन अभिसुखिकरण कार्यक्रमः

मिति २०७९।०१।१६ मा यो अभिमुखिकरण कार्यक्रम यस शाखा द्वारा आयोजना गरिएको थियो ।यस कार्यक्रम द्वारा नगरपालिकाले विभिन्न विद्यालयहरुमा दिईएका कार्यक्रम तथा योजनाहरुको कार्यावयन गर्नकालागि आयोजना गरिएको हो । यस कार्यक्रमा योजना तथा कार्यक्रम सम्पादनकालागि आवश्यक पर्ने विषयगत शाखाहरुका कमर्चारी तथा पदाधिकारीहरुको प्रशिक्षणका साथै विशेष भुमिका रहेको थियो ।

यो कार्यक्रम संग सम्बन्धित फोटोहरु यस प्रतिवेदनको अन्तिम भागमा राखिएका छन ।

## धुम्रपान, मध्यपान तथा लागु पदार्थ दुर्व्येसन विरुद्ध तथा अन्न स्वास्थ्य चेतना सम्बन्धी जनचेतना मुलक कार्यक्रमः

विभिन्न मिति तथा समयमा यस नगरपालिकामा सञ्चालित विभिन्न विद्यालयहरुमा यो कार्यक्रम आयोजना भएको थियो । यस कार्यक्रममा नगर प्रमुख श्री भीम प्रसाद ढुङ्गाना प्रमुख अतिथिको रुपमा रहनु भएको थियो ।

यो कार्यक्रम संग सम्बन्धित फोटोहरु यस प्रतिवेदनको अन्तिम भागमा राखिएका छन ।

## समस्याहरु:

- कानूनी नीतिगत र कार्यविधिगत आधारहरु तय भईनसक्नु,
- वडा र पालिका स्तरका शैक्षिक कार्यक्रम निर्माण गरी तादम्यता कायम गर्न नसकिएको,
- कार्यक्रमहरुको प्रभावकारीता सम्बन्धमा वस्तुगत मूल्याङ्कन गर्न नसकिएको,
- स्रोत साधनहरुको सीमितता,
- विषयगत दक्ष जनशक्ति दरबन्दिको अभाव र अस्थीरता,
- भौगोलिक कठिनाई,
- विद्यार्थि टिकाउ दर बृद्धि गर्न नसकिएको,
- शाखागत दरवन्दीमा कार्यरत कर्मचारीहरुको वृति विकासकालागि कार्यक्रमहरुको कमि,
- विद्यालय अनुगमनको कमि साथै आधुनिक अनुगमनका नविनतम तरिकाहरु -(TEAM MONITORING) को अभाव,
- बालमैत्री विद्यालय निर्माणकालागि कार्यक्रमहरुको अप्रयाप्तता,
- शाखागत बजेटको कार्यान्वयनमा कमि,
- विद्यार्थी पोषण कार्यक्रहरुको कार्यान्वयनको प्रभावकारितामा कमि,

- कक्षा ५ र कक्षा ८ को अन्तममा लिईने परीक्षाको स्तरिकृतता निर्धारणमा अभाव,
- विद्यालयहरुमा विद्युतिय शासनको विकासका कार्यक्रमको अभाव साथै कार्यक्रम विस्तारमा कमि,

अबको बाटो (Way Forword).........

- पालिकाको एकिकृत शिक्षा नीति तथा नीतिका आधारमा शिक्षा योजनाको स्तरिकरण गर्नुपर्ने,
- प्रधानाद्यापकहरुको कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने,
- सम्पूण शिक्षकहरुको कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने,
- पालिका शिक्षा नियमावली तथा प्रारम्भिक बाल विकास निर्देशिका, सामुदायिक सिकाई केन्द्र सञ्चालन निर्देशिका निर्माण र कार्यान्वयन गर्नुपर्ने,
- पालिका स्तरिय छात्रवृति अनुदान व्यवस्थापन कार्यविधि निर्माण गनुपर्ने,
- आधारभूत तहको अन्यमा लिइने परिक्षाको परिक्षा संचालन कार्यविधि अनुसार परीक्षाको स्तर निर्धारणकालागि कार्यदल निर्माण र सो समिति प्रतिवेदनको आधारमा स्तरिकरणका लागि कार्यक्रम तर्जमा गर्नुपर्ने,
- सम्पूण विद्यालय संग सम्बन्धित तथ्याङ्क साथै शिक्षकहरुको व्यक्तिगत विवरण विद्युतिय व्यवस्थापन,
- विद्यालय नक्सांकनको आधारमा विद्यालयहरुको स्थापना, आन्तरिक दरवन्दी मिलान तथा पुनर वितरण गर्नु पर्ने,

- वडा शिक्षा समिति गठन साथै वडा र पालिका स्तरका शैक्षिक कार्यक्रम निर्माण गरी तादम्यता कायम गर्ने,
- नियमित टिम निरीक्षण गर्ने र व्यवहारीक पृष्ठपोषण दिनुपर्ने,
- विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन लाई अवलम्बन गर्ने,
- शिक्षकहरुको पेशागत विकास साथै क्षमता अद्यावधिक गर्नका लागि तालिम तथा सेमिनार संचालन गनुपर्ने,
- परीक्षाहरुको स्तरिकरण गर्नकोलागि विज्ञहरु द्वारा विषयगत सिकाई उपलब्धि परिक्षण गर्नुपर्ने,
- विधुतिय शासनको अवधारणा कार्यान्वयनकालागि विद्यालयहरुलाई सूचना प्रविधि मैत्री वनाउन सूचना प्रविधि सामग्रको विस्तार र सो सामग्रीहरुको प्रयोग वृद्धिकालागि कार्यक्रम तर्जुमा गर्नुपर्ने,

सम्पादित कार्यक्रमहरु संग सम्बन्धित फोटोहरु (Photo Gallery)

विद्यालय सुधार योजना अद्यावधिक कार्यशाला गोष्ठी



स्थानीय तथा जिल्लाका पेशागत संघ संगठनका प्रमुख तथा प्रतिनिधिहरुसंग शैक्षिक गतिविधिहरुको वारेमा छलफल






गणित शिक्षकहरुका लागि आयोजित
१ दिने प्रशिक्षण कार्यक्रम





करदाता कार्यालय गल्छी धादिङको समन्वयमा विद्यालयका प्र.अ. अरुलाई
कर सम्बन्धि १ दिने अभिमुखिकरण कार्यक्रम











एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली
(IEMIS) मा आधारित
तथ्याङ्क प्रविष्टि तथा सेवा व्यवस्थापन
अभिमुखीकरण कार्यक्रम





वि.ब्य.स. तथा सि.अ.स. गठनको सन्दर्भमा गरिएको अभिभावक भेला


अभिभावक मेला






क कम्प्युट तालिमको सुरुवात नीलकण्ठ मा.वि. धादिङबाट







नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, धादिङ
योजना तथा कार्यक्रम कार्यान्वयन
नीलकण्ठ नगरपालिका
शिक्षा शाखा, धादिङ


नीलकण्ठ नगरपालिका



नगर प्रमुखज्यू संग बालबालिका अन्तरकृया

प्रदेशस्तरीय खेलाडी छनौटको लागी नगरपालिकाबाट खेलाडी छनौटको एक दृष्य






प्रधानाध्यापकहरुको नियमित बैठकको एक झलक



विद्यालयमा अध्ययनरत छात्रहरुको लागि सेनेटरी प्याड वितरण गरिरहेको दृष्य










स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी अन्तरक्रिया



# धन्यवाद...

